बैठक संख्या ३६ मिति २०७५/०७/१९

आज मिति २०७५ साल कार्तिक १९ सोमबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थितीः

१	नगरप्रमुख	श्री हरिकुमार राना	अध्यक्ष	
२	नगर उपप्रमुख	श्री कमला खतिवडा आचार्य	सदस्य	
३	वडाध्यक्ष	श्री गजाधर खतिवडा	सदस्य	
४	वडाध्यक्ष	श्री रघुनाथ खनाल	सदस्य	
५	वडाध्यक्ष	श्री जीवकुमार भण्डारी	सदस्य	
६	वडाध्यक्ष	श्री दुर्गाप्रसाद दाहाल	सदस्य	
७	वडाध्यक्ष	श्री ध्यानबहादुर भारती	सदस्य	
८	वडाध्यक्ष	श्री लोकनाथ गौतम	सदस्य	
९	वडाध्यक्ष	श्री नवराम ढुङ्गाना	सदस्य	
१०	वडाध्यक्ष	श्री गोपीचन्द्र गौतम	सदस्य	
११	वडाध्यक्ष	श्री पुष्पकुमार प्रसाई	सदस्य	
१२	वडाध्यक्ष	श्री बलदेवसिंह गोम्देन तामाङ्ग	सदस्य	
१३	वडाध्यक्ष	श्री भैरवबहादुर खड्का	सदस्य	
१४	सदस्य	श्री लक्ष्मी तामाङ्ग	सदस्य	
१५	सदस्य	श्री हरिमाया भण्डारी	सदस्य	
१६	सदस्य	श्री शकुन्तला बराल	सदस्य	
१७	सदस्य	श्री दिलमाया शिवा	सदस्य	
१८	सदस्य	श्री दिलिप गुरुङ्ग	सदस्य	
१९	सदस्य	श्री खिनमान दास	सदस्य	
२०	सदस्य	श्री रमेशकुमार दर्जी	सदस्य	
२१	प्रमुख प्रशासकीय अधिकृत	श्री पङ्कज भुर्तेल	सदस्य सचिव	
२२	खरिदार	श्री सौजन कटुवाल	आमन्त्रित	
२३				

मिति २०७५/०७/१९ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:

१.अर्जुनधारा नगरपालिकाको योजना संचालन ,अनुगमन तथा मूल्यांकन सम्बन्धि कार्यविधि पारित गरी लागू गर्ने ।

२.हेभी इक्विपमेन्ट संचालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि बारे कार्यपालिकाद्वारा गठित समितिमा थप छलफल गरी आगामी बैठकमा पेश गर्ने ।

३.देहाय बमोजिम व्यक्ति/संस्थालाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

विवरण	रकम (रु)
बालकुमारी खतिवडा,वडा नं. ४ औषधोपचार सहयोग	२०,०००।-
का स आशिष राई ,बुवाको काजकिरिया खर्च	२५,०००।-
मनासलु युवा क्लब,कालिस्थान फुटबल प्रतियोगिता सहयोग	२०,०००।-
वडा नं. ८ सन्थाल जातिय पोसाक	२०,०००।-
जसोदादेवी खनाल ,वडा नं. २ औषधोपचार सहयोग	१५,०००।-
अर्जुनधारा युथ क्लब खेलकुद प्रतियोगिता सहयोग	१०,०००।-
पूर्वेली कलाकर संघ कार्यक्रम सहयोग	२५,०००।-
कौशिला रेग्मी औषधोपचार सहयोग	२०,०००।-
निशा भट्टराई वडा नं. ३ औषधोपचार सहयोग	१०,०००।-
मिरा राई औषधोपचार सहयोग	१०,०००।-
किराँत याक्थुंग चुम्लुंग कार्यक्रम सहयोग	२५,०००।-
शनिश्चरे मा वि विद्यार्थी शैक्षिक भ्रमण सहयोग	२५,०००।-
भानु मा.वि. विद्यार्थी शैक्षिक भ्रमण सहयोग	२५,०००।-
शनिश्चरे बहुमुखी क्याम्पस फुटबल टिम सहभागिता सहयोग	१०,०००।-
शनिश्चरे मा वि अन्तर मा वि भलिबल प्रतियोगिता सहयोग	१०,०००।-
चारपाने अर्जुनधारा समाज कार्यक्रम सहयोग	१५,०००।-
चारघरे वाल विकास केन्द्र कार्पेट खरिद सहयोग	२५,०००।-
सा रे ग म कलाकेन्द्र कार्यक्रम सहयोग	२०,०००।-
म स्वा का तुलसा पोखेल औषधोपचार सहयोग	२०,०००।-
सहारा नेपाल सवारी जोखिम न्यूनिकरण अभियान सहयोग	५०,०००।-
चन्द्रकला गौतम औषधोपचार सहयोग	२०,०००।-
मुना सुनुवार अर्जुनधारा ६ औषधोपचार सहयोग	५,०००।-

४.देहाय बमोजिम योजना तथा कार्यक्रम सञ्चालन गर्न निम्नानुसार बजेट विनियोजन गर्ने ।

(क)भानु आधारभुत विद्यालय अर्जुनधारा ३ शैक्षिक विकास तथा भवन निर्माण रु ५ लाख मात्र ।

(ख)प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा खाजाघर तथा अन्य भौतिक निर्माणका लागि रु ५ लाख तथा इमरजेन्सी सेवा सञ्चालनका लागि रु २ लाख ५० हजार मात्र ।

(ग) शनिश्चरे बजारको प्रस्तावित नयाँ बजार (सब्जी तथा माछा मासु) जाने सडक कालोपत्रेका लागि लगत स्टमेट अनुसार हुन आउने रकमको ७० प्रतिशत ३० प्रतिशतको लागत सहभागितामा योजना सञ्चालन गर्ने ।

(घ)आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगरपालिकाको चक्रपथ निर्माणका लागि चालु आर्थिक वर्षमा विनियोजित रकमबाट नगरपालिकाका लागि एक थान ट्रिपर तथा एक थान ट्रयाक्टर खरिद गर्न आवश्यक हुने रकम रकमान्तर गरी खरिद प्रक्रिया अघि बढाउने ।साथै,बाँकी रकमले चक्रपथको दुवैतर्फ ट्रयाक खोल्ने कार्य गर्ने ।

(ङ)नवदुर्गा भवानी मन्दिर अर्जुनधारा १० को भौतिक निर्माणका लागि रु पचास हजार मात्र ।

(च) शितला देवी दुर्गा मन्दिर भौतिक निर्माणका लागि रु पचास हजार मात्र ।

५.यस नगरपालिकाका शहरी स्वास्थ्य केन्द्र स्थापना नभएका वडाहरुमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न वडा कार्यालयहरुबाट प्राप्त सिफारिस पत्रका आधारमा वडास्तरीय बजेटबाट व्यहोर्ने गरी शहरी स्वास्थ्य केन्द्र सञ्चालन गर्ने ।साथै,नपुग हुने रकम नगरपपालिकाबाट व्यहोर्ने ।

६.नगरपालिकाको कार्यालय सञ्चालनमा प्रयोग हुने गरी एक थान मोटरसाइकल खरिद गर्ने ।

७.२०७५ साल कार्तिक २५ गते महागुरु फाल्गुनन्द जयन्ती तथा मंसिर २० गते बालाचतुर्दशीको अवसरको नगर क्षेत्रभित्र स्थानीय सार्वजनिक विदा दिने गत वर्षको प्रचलनलाई निरन्तरता दिने ।

८.नेपाल सरकारको तराई मधेश समृद्दि कार्यक्रममा यस नगरपालिकाको तर्फबाट देहाय बमोजिमका आयोजनाहरु समावेश गर्न सिफारिस गरि पठाउने ।

(क)शनिश्चरे बजार र जलेश्वर धामको बाहिर पट्टिबाट सवारी सधान गुडाउने बाइपास तथा यस नगरपालिकाको वडा नं. ५,६,७,८,९ नं. वडामा पर्ने अनुमानित ११ किलोमिटर लम्बाईको प्रस्तावित भित्रि चक्रपथ

(ख) वडा नं ६/७ मा अवस्थित चौरासी विघे क्षेत्रमा सिँचाई कार्यक्रम ।

९.शनिश्चरे बजारमा हालः रहेको सब्जी बजार तथा मासु बजारलाई प्रस्तावित नयाँ बजारमा स्थानान्तरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

१०.यस नगरपालिकाको चालु आ.व. ०७५/०७६ का स्वीकृत नगर स्तरीय आयोजनाहरु (महानन्द चौकमा स्वागतद्वार,शनिश्चरे बजारमा मुर्ति तथा शनिश्चरे बजार पश्चिम जाने सडक कालापत्रे आदि) यथाशिघ्र सुरु गर्न उपभोक्ता समिति गठन गर्ने ।

११.वडा नं. २ को साठिमुरे क्षेत्रको भित्तामा प्रस्तावित पर्यटकिय क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक कानुनी तथा प्राविधिक व्यवस्था मिलाई शान्तिका अग्रदुत बुद्दको मूर्ती वनाउने ।

१२.दोश्रो नगर सभाको निर्णय नं. २२ बमोजिम गठित समितिमा सम्बन्धित वन समितिका प्रतिनिधि,जिल्ला प्रशासन कार्यालय,मालपोत कार्यालय,नापि कार्यालय,भूमि सुधार कार्यालयका प्रतिनिधि समेत आमन्त्रित सदस्यका रुपमा रहने गरी समिति पुनर्गठन गर्न आगामी नगर सभामा प्रस्ताव लैजाने ।

१३.वडा नं. ६ स्थित लक्ष्मी मा वि मा भईरहेको विद्यार्थीको दोहोरो भर्ना विवाद तथा निर्वाचन प्रक्रियामा भई रहेको ढिलाई बारे सत्यतथ्य बुझि प्रतिवेदन पेश गर्न देहाय बमोजिम एक समिति गठन गरी कार्यादेश दिने:

सामाजिक विकास समिति संयोजक श्री दिलिप गुरुङ्ग संयोजक
शनिश्चरे मा वि प्रधानाध्यापक श्री भैरवप्रसाद पौड्याल सदस्य
शिक्षक महासंघ अध्यक्ष श्री पुण्य सुवेदी सदस्य
शिक्षक महासंघ सदस्य श्री टंक आचार्य सदस्य
नगरपालिका कर्मचारी खरिदार श्री खगेन्द्र लिङ्देन सदस्य

१४.नेपाल कर्मचारी युनियनको तर्फबाट कमलप्रसाद खतिवडा समेतले यस नगरपालिका समेतलाई विपक्षी बनाई सम्मानित श्री सर्वोच्च अदालतमा रिट नं. ०७४ WD ०३१२ बमोजिम उत्प्रेषण परमादेश लगायत अन्य जो चाहिने आदेश जारि गरि पाउँ भन्ने विषयको रिट निवेदन दायर गर्नु भएकाले उक्त रिट निवेदनमा अर्जुनधारा नगरपालिकाको तर्फबाट म्याद थामी पाउन निवेदनहरु दर्ता ,लिखित जवाफ पेश गर्न,अड्डा अदालतबाट उक्त मुद्दामा परी आउने जुनसुकै लिखित कागजातमा सहिछाप गर्न,तारिखमा रहन,वारेस मुकरर गर्न,कानून व्यवसायी मुकरर गर्न समेतका आवश्यक काम कारबाही गर्न यस नगरपालिकाका नगर सभा सदस्य श्री टुम्मनाथ काफ्ले लाई आवश्यक अख्तियारी प्रत्यायोजन गर्ने ।

१५.स्वास्थ्य चौकी अर्जुनधारा न.पा. ७ को एम्वुलेन्स संचालनार्थ रु ५०,००० ।अनुदान स्वरुप प्रदान गर्ने ।

१६.प्राविधिक नापजांच कार्यमा सहयोगको लागि टोटल स्टेशन खरिद गर्न उपप्रमुखको संयोजकत्वमा, प्र.प्र.अ. पंकज भुर्तेल तथा इ.निरज अधिकारी सदस्य रहने गरी समिति गठन गर्ने र उक्त समितिले विभिन्न निकाय संग समन्वय गरी टोटल स्टेशनको स्पेशीफिकेशन र लागत स्टमेट तयार गर्ने र आवश्यक रकम प्र.प्र.अ.ले उपयुक्त स्रोतवाट व्यवस्थापन गरी खरीद ऐन वमोजिम खरीद प्रकिया अगाडी वढाउने ।